प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

गण्डकी प्रदेश, पोखरा

## व्यवसाय जीवन रक्षा कोष कर्जाका लागि आवेदन दिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/११/१५)

गण्डकी प्रदेश सरकारले आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि सेवा क्षेत्रका उद्यमी/व्यवसायीहरुलाई जीवन्त राख्न व्यवसाय जीवन रक्षा कोषको व्यवस्था गरी कार्यान्वयन गर्दै आईरहेकोमा यस आ.व.२०७८/०७९ मा समेत कोभिड-१९ बाट प्रभावित उद्यमी/व्यवसायीहरुलाई जीवन्त राखी कार्यक्रमलाई थप प्रभावकारी बनाउन, गत आर्थिक वर्षमा विभिन्न कारणले यस कार्यक्रममा समेटिन नसकेका लक्षित व्यवसायीलाई समेट्न पुनः एक पटक सूचना प्रकाशन गर्ने र कर्जा प्रवाह गर्नको लागि विकास बैंकहरु थप गर्ने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ मा चौथो संशोधन गरी दफा ५ सँग सम्बन्धित अनुसूची १, २, ३, ४ बमोजिमका वार्षिक रु. ५० लाख वा सो भन्दा कम कारोवार भएका उद्यमी/व्यवसायीहरुलाई **निर्व्याजी कर्जा** उपलब्ध गराउन यो सूचना प्रकाशन गरिएको छ। यस सूचना बमोजिम तपसिल बमोजिमका आवश्यक योग्यता पुगेका सम्बन्धित उद्यमी/व्यवसायीहरुले **२०७८ साल फागुन २० गतेदेखि २०७८ चैत्र १९** गतेसम्म आफ्नो पायक पर्ने बैंकहरु (कार्यविधिको अनुसूची-१२ मा उल्लिखित) को गण्डकी प्रदेशस्थित शाखा कार्यालयहरुमा तपसिल बमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय र सम्बन्धित बैंकका शाखाहरुमा सम्पर्क गर्न सकिनेछ। साथै, यस कार्यक्रम सम्बन्धी **व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७** यस कार्यालयको वेबसाइटः ocmcm.gandaki.gov.np मा हेर्न सकिनेछ ।

**तपशिलः**

**आवश्यक योग्यताः**

(क) गण्डकी प्रदेश भित्र उद्यम, व्यवसाय संचालन गरेको नेपाली नागरिक,

(ख) बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको,

(ग) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको,

(घ) स्थायी लेखा नम्बर (PAN) लिएको,

(ङ) कर्जाको आवेदन दिने मितिसम्म उद्यम, व्यवसाय स्थापना भएको कम्तीमा एक वर्ष पूरा भएको, र

(च) नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको।

**संलग्न गर्नु पर्ने कागजातः**

(क) सम्बन्धित निकायमा वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) गत आर्थिक वर्षको कर तिरेको निस्सा वा PAN को प्रतिलिपि,

(घ) प्राप्त कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,

(ङ) धितो सम्बन्धी अद्यावधिक आवश्यक कागजातहरु,

(च) दर्ता नभई एक वर्षभन्दा अगाडिदेखि सञ्चालनमा रहेको उद्योगी व्यवसायीको हकमा स्थानीय तहको सिफारिस,

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको र बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको स्वघोषणा, र

(ज) वार्षिक कारोबार/बिक्री रकम रु. ५० लाख वा सो भन्दा कम भएको स्वघोषणा।